STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २५ गते बुधबार ❑ 9 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## राष्ट्र निर्माण एमालेको प्राथमिकतामा: अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

(नेकपा एमाले)का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्र निर्माणको अभिभारा आफ्नो दलको प्राथमिकता रहेको बताउनुभएको छ।

नेकपा एमाले गण्डकी प्रदेश कमिटिद्वारा मंगलबार पोखरामा आयोजित पार्टी प्रवेश कार्यक्रममा उहाँले एमालेका कार्यकर्ता पद तथा ओहोदाका लागि नभइ समाज निर्माणमा क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो। जनतालाई मनपर्ने गरी काम गर्न कार्यकर्तालाई निर्देशन दिँदै अध्यक्ष ओलीले सामाजिक न्याय र समानताका क्षेत्रमा पार्टी निरन्तर लागिरहेको बताउनुभयो। आफ्नो दल लोकतन्त्रको मूल्य मान्यता, स्वच्छता, पारदर्शीता आदिलाई आत्मसात् गर्दै अघि बढिरहेको छ भन्दै उहाँले एमालेको विचार, व्यवहार र निष्ठा अन्यसँग तुलना गर्न नमिल्ने जिकिर गर्नुभयो । विभिन्न दलबाट एमाले प्रवेश गरेका कार्यकर्तालाई स्वागत गर्दै अध्यक्ष ओलीले पार्टीको सिद्धान्त बमोजिम देश र जनताका पक्षमा क्रियाशील हुन आग्रह गर्नुभयो ।

अन्तर्राष्ट्रिय नारी दिवसबारे चर्चा गर्दै अध्यक्ष ओलीले नेपालमा महिला सशक्तिकरण बढेको र आफूलाई प्राप्त जिम्मेवारीलाई उनीहरूले सफलताका साथ बहन गरिरहेको बताउनुभयो ।

कार्यक्रम नेकपा एमाले गण्डकी प्रदेश कमिटिका अध्यक्ष नवराज शर्माको अध्यक्षतामा भएको थियो ।




## मिडियामा महिला कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

नेपाल पत्रकार महासंघ कास्की शाखाले ११२ औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा मिडियामा महिला कार्यक्रमको सम्पन्न गरेको छ।

महासंघको सभाहलमा आयोजित कार्यक्रममा महिलाहरुले राज्यको चौथो अंगको रुपमा रहेको मिडिया क्षेत्रमा समेत महिला प्रति विभेद तथा हिसां हुदैं आइरहेको बताए । मिडियामा महिलाहरुको अवस्था दयनिय रहेको वक्ताहरुले बताएका छन् । कार्यक्रमको उद्घाटन पश्चात सम्बोधन गर्दै गण्डकी प्रदेश स्वास्थ्य मन्त्री मधुमाया अधिकारीले महिलाहरु आर्थिक, राजनैतिक र सामाजिक हिसाबमा पछि पारिएको बताइन् । उनले पञ्चायत कालमा महिलाको आवाज उठाउने क्रममा जेल जाने जस्तो प्रचलन हुदाँ समेत विभेद विरुद्ध आवाज उठ्दै आएपनि नेपालमा भने १० वर्षे जनयुद्ध पश्चात महिलाको अधिकार प्रत्याभुत हुनेगरी केही काम भएको सुनाइन् ।

नेपालमा अहिलेपनि महिलाहरु सामन्तवादमै रहेको उनले सुनाइन् । महिलाहरुले श्रीमान् को पाउँको जल खाने प्रचल चलिरहँदा श्रीमानूले भने जाडँ खाई कुट्ने प्रवित्तिको अन्त्य गर्नुपर्ने बताउँदै संविधानले दिएको अधिकारको कार्यान्वयन गर्नतर्फ अब उन्मुख हुनुपर्नेमा जोड दिइन् । पत्रकार महासंघका पुर्व केन्द्रिय अध्यक्ष सुरेश आचार्यले राजनैतिक अस्थिरताका कारण महिला सम्बन्धि समाचार मिडियाले स्थान दिन नसकेको बताए । उनले मिडियाले ठिक ढंगले महिलाको विषय उठाउन आवस्यक रहेको छ । अर्का पुर्व अध्यक्ष धर्मेन्द्र झाले अमेरिकामा १९०८ को जस्तो महिलाको अवस्था अहिले नेपालमा रहेको बताए । महिला विभेद र हिसांको अन्त्य गर्न महिला र पुरुष दुवै लाग्नुपर्नेमा जोड दिए । पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीको सभापतित्वमा भएको कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य प्रभा कोइराला, पुर्व संविधान सभा सदस्य शारदा पौडेल, पत्रकार महासंघ पुर्व केन्द्रिय सदस्य रामकृष्ण ज्ञवाली, वडा ३१ की वडा सचिव दुर्गा न्यौपाने, पत्रकार महासंघकी केन्द्रिय सदस्य सरिता तिमिल्सिना पंगेनी, पत्रकार महासंघ कास्कीकी उपाध्यक्ष जमुना शर्मा, लगायतले आफ्नो भनाइ राखेका थिए ।

सोहि दिन कास्कीमा क्रियाशिल पत्रकारहरुका लागि आचार संहिता सम्बन्धि तालिम समेत प्रदान गरिएको थियो । तुलसादेवी हरिहर फाउन्डेसनको आयोजनामा आचार संहिता सम्बन्धि तालिम प्रदान गरिएको थियो । राससका सम्पादक एकराज पाठक, पत्रकार महासंघ केन्द्रिय पुर्व अध्यक्ष धर्मेन्द्र झा लगायतले प्रशिक्षण दिएका थिए । कार्यक्रममा उत्साहजन सहभागिता रहेको थियो ।



## संवैधानिक आयोगहरु गठन गर्नुपर्ने मन्त्री बरालको भनाइ

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले संवैधानिक आयोगहरु गठन गर्नुपर्ने बताउनु भएको छ।

११२ औं अन्तराष्ट्रिय श्रमिक महिला दीवसको अवसरमा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) जिल्ला समन्वय समिति कास्कीले सोमबार पोखरामा आयोजना गरेको समाजबाद र महिला मुक्ति बिषयक अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो ।

संवैधानिक महिला, दलित लगायतका आयोगहरु गठन गर्न ढिलाई भएकोमा गुनासो गर्दै मन्त्री बरालले उक्त आयोग गठन गर्न दबाब आवश्यक भएको जनाउनु भयो । महिला दिवस मनाई रहदा अझै पनि महिलाहरुका हक अधिकार सुरक्षिता हुन नसकेको उहाँको भनाई थियो । समाजमा सिप अनुसारको रोजगारको सुनिश्चित गर्ने समाजबादको मुल मर्म रहेको मन्त्री बरालले बताउनु भयो । आत्मनिर्भर बन्दै राष्ट्रिय पूंजि निर्माणमा योगदान पुराउन सके जीवनस्तर उकास्न सकिने मन्त्री बरालले दाबी गर्नु भयो । सामाजिक न्याय सहितको समृद्धि देशमा आवश्यक भएको उहाँले बताउनु भयो । माओबादी केन्द्रका नेता समेत रहेका मन्त्री बरालले माओबादीलाई हाल देशमा मात्र नभई विदेशबाट समेत घेराबन्दी भएको जनाउनु भयो ।

संघ कास्कीका संयोजक कल्पना पाण्डेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा माओबादी केन्द्र कास्कीका संयोजक बखानसिंह तमु, संविधान सभा सदस्य तेज कुमारी पौडेल, माओबादी केन्द्र गण्डकी प्रदेशका सदस्य भिम बहादुर बि.क.(क्षितिज), संघकी केन्द्रिय सचिवालय सदस्य निर्मल सुवेदी(क्रान्ति), संघका केन्द्रिय सदस्य सिता खड्का, माओबादी केन्द्र पोखरा महानगरपालिकाका अध्यक्ष कृष्ण गिरी(विज्ञान) लगायतले महिलाहरुको हक अधिकार अझै सुरक्षित नभएकोले सवै एक भई अघि बढ्नुपर्ने अवस्था रहेकोमा जोड दिनु भएको थियो ।



## हरियो रङ मतदाता र गणकमैत्री हुन्छ : निर्वाचन आयोग

**रासस**
**काठमाडौं, २४ फागुन**

निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचनमा मतदाता र गणकमैत्री भएकाले सेतो काजगमा हरियो रङका चुनाव चिह्नसहितका विवरण राखेर मतपत्र तयार गर्ने निर्णय भएको स्पष्ट पारेको छ । मतपत्र र चुनाव चिह्नको रङका विषयमा उठेको प्रश्नको जिज्ञासामा आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले विगतका कतिपय निर्वाचनमा हरियो, कालो, नीलो र रातो चिह्न भएको मतपत्र प्रयोग हुँदैआएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मतपत्र सङ्केत गर्ने मसी, निर्वाचन चिह्न, मतपत्रमा हुने रेखा र क्रमसङ्ख्या पनि नीलो भएका कारण मतदाताले गरेको मत सङ्केत स्पष्ट नभएको मात्र होइन, मतगणनामा सजिलो होस, मतपत्रमा गरिएको मत सङ्केत स्पष्ट देखियो भन्ने मनसायले सेतो कागजमा हरियो निर्वाचन चिह्न, हरियो रेखा र हरियो क्रमसङ्ख्या राख्ने आयोगले निर्णय गरेको हो ।"

## बुलिङटारका बासिन्दाको गुनासो सुन्दै मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल मंगलबार दिनभर नवलपुरको बुलिङटार गाउँपालिका बासिन्दाको गुनासो सुन्न व्यस्त रहे । कालीगण्डकीको किनारमा रहे पनि विकासमा निकै पछि परेको बुलिङटारमा कतिपय गाउँमा अहिले पनि बिजुली पुगेको छैन । खानेपानी र सिँचाइको पनि उस्तै समस्या छ ।

सदरमुकाम कावासोती पुग्न पनि निकै कष्ट झेल्नुपर्छ । मुख्यमन्त्री पोखरेल मंगलबार बुलिङटारका ५ वटा कार्यक्रममा सहभागी भए । बिहान विपी स्मृति भवन शिलान्यास गरेका उनी बुलिङटार गाउँपालिकामा ३ चन्टारमा आयोजित १४ औं राष्ट्रिपति रनिङ सिल्ड छनोप्रतियोगिता उद्घाटन, त्रिभुवन माविका संस्थापक दामोदर बस्ताकोटीको शालिक अनावरण, ११२ औं अन्तर्राष्ट्रिय महिला दिवशको संयुक्त कार्यक्रममा सहभागी भए । मुख्यमन्त्रीले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## महिलामैत्री कानून निर्माणमा प्रदेश सरकार प्रतिबद्ध : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले महिलामैत्री कानून निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

मंगलबार ११२ औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा पोखराको रेडियो जननी ९०.६ मेगाहर्जले आफ्नो ८ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरेको "व्यवसायमा महिला, अवसर र चुनौती" विषयक अन्तरक्रिया कार्यक्रमलाई उद्घाटन गर्दै उहाँले यस्तो भन्नुभएको हो।

मन्त्री थापाले समाजमा महिलाहरुलाई हेर्ने दृष्टिकोणमा विस्तारै परिवर्तन हुँदै आएको उल्लेख गर्नुभयो । व्यवसायिक, राजनीतिक, शैक्षिक र सामाजिक क्षेत्रमा महिलाहरुको सहभागिता उल्लेखनिय रहेको भनाई उहाँको छ । उहाँले गण्डकी प्रदेश सरकारले स्तन क्यान्सर र पाठेघर क्यान्सरको निशुल्क उपचार गर्ने निर्णय गरेको जानकारी गराउनुभयो । क्यान्सर पीडितका लागि नेपाल सरकारले एक लाख र गण्डकी प्रदेश सरकारले ५० हजार उपलब्ध गराउँदै आएको मन्त्री थापाले बताउनुभयो। उहाँले व्यवसायिक क्षेत्रमा महिलाहरुको आर्कषण बढाउन प्रदेश सरकारले सहज नीति निर्माण गर्दै आइरहेको बताउनुभयो । मन्त्री थापाले प्रदेश सरकारले कोभिड प्रभावित व्यवसायिक क्षेत्रलाई ब्याज सरकारले नै तिर्ने गरी कर्जा उपलब्ध गराउन लागेको बताउनुभयो। यसका लागि चालू आर्थिक वर्षको जीवन रक्षा कोषमा एक अर्ब रुपैयाँ राखिएको भनाई उहाँको छ । सामाजिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक क्षेत्रमा महिला पुरुषमा देखिएको विभेदको अन्त्य गर्न सम्बद्ध संघसंस्थाले महिला जागरण सम्बन्धि तालिम समयसमयमा गरीराख्नुपर्ने मन्त्री थापाले बताउनुभयो। कार्यक्रममा नेपाल उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले नेपालको जनगणनाअनुसार ३७ प्रतिशत महिलाहरुले मात्र रोजगारी पाएको बताउनुभयो । महिलाहरु आफै नै जाग्नुपर्ने आवश्यकतालाई उहाँले औंल्याउनुभएको छ । पर्यटन व्यवसायी लक्की कार्की क्षेत्रीले महिलाहरुलाई सुरक्षित वातावरण बनाउनुपर्ने बताउनुभयो। महिलाका अधिकार र मुद्दाहरुलाई सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा रेडियोकी संस्थापक अध्यक्ष हिरा भट्टराईलाई जननी सम्मानद्वारा सम्मान गरिएको थियो ।




सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सामुदायिक प्रहरी सेवा केन्द्र कास्कीद्वारा स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

१ सय १२ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सामुदायिक प्रहरी सेवा केन्द्र, जिल्ला समन्वय समिति कास्कीले एक दिवसिय बृहत निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

पोखरा-३२ गगनगौंडास्थित गोगन उच्च माविमा भएको शिविरमा झण्डै ११ सयले स्वास्थ्यलाभ गरे । शिविरमा महिलाहरुको पाठेघर, स्तन, दाँत परिक्षणका साथै औषधी समेत वितरण गरिएको थियो।



शिविरको एक समारोहका विच उद्घाटन गर्दै गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया गुरुङ्ग अधिकारीले महिलाहरुको पाठेघर तथा स्तन क्यान्सर सम्बन्धि उपचारका लागि गण्डकी प्रदेश सरकारले चितवनको भरतपुर क्यान्सर हस्पिटलसंघ समन्वय एवं सहकार्यको थालनि गरेको बताउनुभयो । उहाँले क्यान्सर उपचारका लागि प्रदेश सरकारले १ लाख तथा भरतपुर अस्पतालले ५० हजार सम्मको निःशुल्का औषधोपचारमा सहयोग गर्ने जानकारी दिनुभयो। कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, प्रहरी उपरिक्षक रमेश थापा, वडा ३२ का वडाध्यक्ष अक्कल बहादुर कार्की, गोगन उमावि व्यवस्थापन समिति अध्यक्ष मेघराज पौडेल, स्थानिय गायत्री आमा समुहका अध्यक्ष हरिमाया खत्री, लगायतले नारी दिवस तथा नारी अधिकारका बारेमा बोल्नुभएको थियो । आयोजक संस्थाका निवर्तमान अध्यक्ष एवं कार्यक्रम संयोजक सोमनाथ बाँस्तोलाले कार्यक्रमको उद्येश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा स्त्री रोग विशेषज्ञ डा.गिरिधारी शर्माले स्वास्थ्य परिक्षण, गण्डकी हस्पिटलले पाठेघर जाँचका लागि प्रार्ि वधिक सहयोग, बगरको ग्लोबल डेण्टल र संयोग डेण्टल केयरले औषधी, गण्डकी प्रदेश प्रहरी अस्पतालले मधुमेय तथा रक्तचाप परिक्षणमा सहयोग गरेका थिए। आयोजक समितिका अध्यक्ष बोधराज कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ उपाध्यक्ष भिम पराजुलीले स्वागत तथा महासचिव मनपति भण्डारीले सञ्चालन गर्नुभएको थियो । भलिवलका पूर्व राष्ट्रिय खेलाडी शरण प्रधानले स्थानिय आयोजनामा सहयोग गर्नुभएको थियो।

# रोटरी लेकसाइडले निःशुल्क मिर्गौला परीक्षण गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

रोटरी क्लब अफ पोखरा लेकसाइडको आयोजनामा पोखरामा निःशुल्क मिर्गौला परीक्षण हुने भएको छ।

विश्व मिर्गौला दिवसको अवसरमा क्लबले पोखराको मुस्ताङचोकस्थित किड्नी केयर सेन्टर निर्माणस्थलमा फागुन २६ गते बिहीबार बिहान ८ बजेदेखि निःशुल्कमिर्गौलापरीक्षणकार्यक्रम गर्न लागेको हो। क्लबका सर्भिस चेयर एवं किड्नी केयर सेन्टरका संयोजक कृष्ण थापाले क्लबको नियमित स्वास्थ्य शिविर अन्तर्गत यस वर्ष सो कार्यक्रम गर्न लागिएको जानकारी दिए। पछिल्लो समय मिर्गौला रोगीको लागि उपचार विधि निकै महँगो हुने भएकोले यसमा सचेतना जरुरी छ। सोको लागि सर्वसाधारणको हितका लागि सो कार्यक्रम गर्न लागिएको उनले बताए। कार्यक्रममा वरिष्ठ फिजिसियन डा. बद्री पौडेल, मिर्गौला विशेषज्ञ डा. क्लारा लगायतको स्वास्थ्यकर्मीको टिमले परीक्षण गरिने क्लब अध्यक्ष हुम आलेले बताए। ५ वर्षअघि स्थापना भएको रोटरी लेकसाइडले रोटरी किड्नी केयर निर्माणको लागि हालसम्म ३५ लाख बराबरको प्रारम्भिक पूर्वाधार निर्माण गरिसकेको छ।

कुल ६ करोड लागतमा निर्माण किड्नी केयर सेन्टरको डिपिआर तयारी हुँदै गरेको सेन्टरका सचिव मीन गुरुङले जानकारी दिए। ३ रोपनी ४ आना जग्गामा १ वर्षभित्र बन्ने सो सेन्टरमा पहिलो चरणमा २० वटा डायलोसिस मेसिन जडान गरी सेवा दिइने किड्नी केयर सेन्टरका संयोजक कृष्ण थापाले जानकारी दिए।

# नव सिद्धार्थ महिला सहकारीको आयोजनामा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ फागुन**

११२ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि. को आयोजना तथा बगालेटोल मिसा पुचः र रामकृष्ण टोल मिसा पुचको सहआयोजनामा मंगलबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रम उद्घाटन गर्दै प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइरालाले सहकारी समुदायमा आधारित संस्था भएको र सामाजिक उत्तरदायित्व अर्न्तगत कार्यक्रम गरेर उदाहरणीय काम गरेको बताउनुभयो । मानव अधिकार चोकमा गरिएको कार्यक्रममा ७० युनिट रगत संकलन भएको संस्थाका व्यवस्थापक खेमराज अधिकारीले जानकारी दिनुभयो। कार्यक्रममा बौल्दे विशेष अतिथि मिसा पुचः कास्कीका अध्यक्ष मेनुका श्रेष्ठले मानवीय कार्यको सर्वोच्च कार्य गरेकोमा खुसी व्यक्त गर्नुभयो।

नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष भवानी माकाजूको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत मन्तव्य कार्यक्रम संयोजक ईन्दिरा मर्सानीले गर्नुभएको थियो भने सहकारीका सात सिद्धान्त मिरा पराजुलीले बाचन गर्नुभएको कार्यक्रमको संचालन सचिव कुष्मा राणाले गर्नुभएको थियो।

# तातोपानी कुण्डमा दैनिक तीन सयभन्दा बढी बिरामी उपचारमा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २४ फागुन**

प्राकृतिक चिकित्सालयको रूपमा चर्चित म्याग्दीको बेनी नगरपालिका-४ स्थित तातोपानी कुण्डमा दैनिक ३००भन्दा बढी बिरामीले डुबेर उपचार गराइरहेका छन्।

विश्वभर महामारीको रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणको जोखिम कम भएपछि तातोपानी कुण्डमा डुबेर उपचार गराउन आउने बिरामीको सङ्ख्या बढ्दै जान थालेको हो। कोरोनाको महामारीका कारण यसअघि बन्द गरिएको कुण्ड सङ्क्रमण घट्दै गएपछि यही फागुन महिनाको पहिलो सातादेखि सर्वसाधारण तथा बिरामीका लागि पुनः खुला गरिएको थियो । कोरोना सङ्क्रमणको जोखिम कम हुँदै र जाडो पनि घट्दै गएपछि बिरामी तातोपानीमा आइरहेका तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले कुण्डमा दैनिक २०० महिला र १००पुरुष ले नियमित स्नान गरिरहेका छन्। कोरोना सङ्क्रमणको जोखिम कायमै रहेको हुँदा स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रूपमा पालना गर्नेगरी कुण्डमा नुहाउनका लागि बिरामीलाई अनुमति दिइएको अध्यक्ष अध्यक्ष शाक्यको भनाइ थियो। तातोपानी कुण्डमा नुहाउने बिरामीको सङ्ख्या अत्यधिक बढेपछि महिला र पुरुषको छुट्टाछुट्टै नुहाउने समय तालिका बनाइएको छ । हरेक दिन बिहान ६ देखि बेलुका ४:३० बजेसम्म दुई-दुई घण्टाका दरले महिला र पुरुषले नुहाउने समय तालिका लागू गरिएको छ। मुख्य कुण्डभन्दा बाहिरका दुई वटा पोखरीमा भने साँझ ५ देखि ९ बजेसम्म पनि नुहाउने व्यवस्था गरिएको जनाइएको छ । अहिले पुरुषको तुलनामा महिला धेरै भएपछि उनीहरूलाई पनि दुई चरणमा नुहाउने गरी समय तालिका बनाइएको अध्यक्ष शाक्यले बताउनुभयो । अहिले तातोपानी कुण्डमा विदेशी नागरिकसहित म्याग्दी, बागलुङ, पर्वत, कास्की र गुल्मी जिल्लाबाट आएका बिरामीले दैनिकजसो स्नान गरिरहेका छन् । कुण्डमा आउने अधिकांश बिरामी एक हप्तासम्म तातोपानीमै बसेर नुहाउने गर्दछन्। कुण्डभित्र मुख्य पोखरीमा नुहाउनका लागि प्रतिव्यक्ति रु ३५० टिकटको व्यवस्था गरिएको छ भने कुण्ड बाहिरको पोखरीमा नुहाउन प्रतिव्यक्ति रु १०० को टिकट लिनुपर्छ। एकपटक टिकट लिएपछि कुण्डभित्र सात दिन र बाहिरको पोखरीमा दुई घण्टा स्नान गर्न पाइन्छ। जमिनमुनिबाट ४८ डिग्री सेन्टिग्रेटको तापक्रममा वीरेनूनको स्वादसहित निस्कने तातोपानीको कुण्डमा डुबुल्की मारेपछि ग्यास्ट्रिक, बाथरोग, गानोगोला, युरिकएसिड, हार्डजोर्नी दुख्ने, हड्डीको दुखाइ, सड्किएको, मर्किएको, बज्रिएकोसहित चिसोबाट उत्पन्न सबैखाले रोग निको हुने जनविश्वास रहिआएको छ। कुण्डका मुख्य पोखरीसहित बाहिरका दुईवटा पोखरी, तीनवटा बाथटप र धारामा नुहाउन पाइन्छ।

# बुलिङटारका...

बुलिङटार गाउँपालिका वडा नम्बर १ को वडा कार्यालय पनि मंगलबारै उद्घाटन गरेका छन्।

मुख्यमन्त्री पोखरेलले गण्डकी सरकार नवलपुरको पहाडी भेगको विकासका लागि प्रतिबद्ध रहेको भनाइ राखे। कालीगण्डकी करिडोरको निर्माण धमाधम भइरहेको र अब दक्षिणी भेग जोड्ने सडकको निर्माण पनि सुरु भइसकेको मुख्यमन्त्री पोखरेलले बताए। उनले भने, 'विगतमा के भए छाडिदिनुस्, अब नवलपुरको पहाडी भेगमा विकासको मुल फुटेको छ, तपाईंहरु ढुक्क हुनुहोस।' बिजुली नपुगेका बुलिङटारका गाउँमा विद्युतीकरणका लागि ठेक्का लागिसकेको भन्दै उनले केही महिनामा सबै घरमा केन्द्रीय प्रशारणको बिजुली बल्ने ठोकुवा उनले गरे। कालीगण्डकीको पानी प्रयोग गरेर बुलिङटारको फाँटमा अब छिटै नै सिँचाइ सुविधा पुर्‍याइने उनले बताए। बुलिङटार मात्र नभइ नवलपुरको पहाडी भेगको भौतिक पूर्वाधार विकास र शैक्षिक, राजनीतिक एवं सामाजिक क्षेत्रमा दामोदर बस्ताकोटीको योगदान अतुलनीय रहेको भनाइ मुख्यमन्त्रीको थियो। अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा उनले नेपालको संविधानले महिला हकका बारेमा धेरै विषय उल्लेख गरे पनि अब ती प्रावधानलाई कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए। कार्यक्रममा नेपाली कांग्रेस गण्डकीका महासचिव विष्णुप्रसाद लामिछाने, कांग्रेस नवलपुरका नवनिर्वाचित सभापति महेन्द्रध्वज जिसी, प्रदेश सभामा नेपाली कांग्रेसका प्रमुख सचेतक ओमकला गौतमले शुभकामना व्यक्त गरे। उक्त अवसरमा जिल्ला समन्वय समिति संयोजक चेसराम आलेले प्रसस्त सम्भावना भएर पनि बुलिङटार विकासमा पछि परेको भन्दै मुख्यमन्त्रीको ध्यानाकर्षण गराए। भारतीय दूतावासले निर्माण गरिदिएको भवनको केही रकम ठेकेदारलाई दिन बाँकी रहेको भन्दै यसका लागि पनि छिटै निकास निकाल्न उनले आग्रह गरे र बुलिङटार गाउँपालिका अध्यक्ष शशिकिरण बस्ताकोटीले गएको बर्खामा बुलिङटार र जरायोटार सिँचाइ आयोजनामा क्षति पुगेको र तुरुन्त मर्मत नगरे बर्खे खेती गर्न सक्ने अवस्था नरहेको भन्दै ध्यानाकर्षण गराए। बुलिङटार महिला सञ्जालका अध्यक्ष सुनिता विकले मुलुकमा राजनीतिक परिवर्तन भए पनि महिलामाथि हुने हिंसा झनै बढेको गुनासो गरिन् । त्रिभुवन माविका प्रधानाध्यापक शम्भु बस्ताकोटीले धेरै चुनौती झेल्दै विद्यालय यो अवस्थामा आएको बताए।

# गाउँमै रोजगारी सिर्जना गर्नुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, २४ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँमै रोजगारी र आम्दानी सिर्जना गर्नुपर्नेमा जोड दिनुभएको छ।

व्यास नगरपालिकाले अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आज आयोजना गरेको महिला हाफ म्याराथनको व्यास नगरपालिका-११ तनहुँसुरमा समापन गर्दै उहाँले गाउँमै रोजगारी सिर्जना गरेर मानिसलाई गाउँमै बसुँबसुँ बनाउनुपर्ने बताउनुभयो। वरिष्ठ नेता पौडेलले रोजगारी र सेवासुविधाको खोजीमा सहर झरेकालाई अब गाउँमै फर्काउनुपर्नेमा जोड दिनुभयो । "पर्यटनको विकास गरेर गाउँमै रोजगारी सिर्जना गर्नुपर्छ, गाउँबाट भागेका मनलाई पुनःगाउँमै फर्काउनुपर्छ, त्यसका लागि स्थानीय तहले योजनाबद्ध कार्यक्रम ल्याउन आवश्यक छ", उहाँले भन्नुभयो, "आज डाँडा-डाँडामा विकास पुगेको छ, डाँडाको दिन फर्किन थालेको छ, राना भनेको जनजाति हुन्, अब जनजातिका पनि दिन फर्किन्छन्।" वरिष्ठ नेता पौडेलले तनहुँसुर ऐतिहासिक ठाउँ रहेकाले यसको विकास गर्नुपर्ने बताउँदै कुनै जमानामा चहलपहल रहेको तनहुँसुर विस्तारै ओझेलमा परेपनि विकासको क्रमले पुनः यो ठाउँ चहलपहल हुने दिशामा अगाडि बढेको छ भन्नुभयो । "तनहुँसुर ऐतिहासिक ठाउँ हो, शहीदको गाउँ पनि हो, तनहुँसुरको ऐतिहासिक झल्काउने गरी यहाँ आउने वातावरण सिर्जना गर्नुपर्छ," उहाँले भन्नुभयो । सो अवसरमा वरिष्ठ नेता पौडेलले महिला हाफ म्याराथनका विजेतालाई पुरस्कार वितरण गर्नुभयो । प्रतियोगितामा कान्छीमाया कोजु प्रथम, रेखा बम विष्ट द्वितीय र नम्रता गुरुङ तृतीय हुनुभएको छ। उहाँहरूले क्रमशः रु ४१ हजार ७८, ३१ हजार ७८ र २१ हजार ७८ नगद प्राप्त गर्नुभएको छ।

खेलकूदका माध्यमबाट पर्यटनपवर्द्धनका लागि म्याराथन आयोजना गरिएको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# चुनावी अभियानमा कांग्रेस

सत्ता गठबन्धनका नेताहरूको प्रतिनिधि सभाको निर्वाचन पहिले गर्ने कि स्थानीय तहको भन्ने फरकफरक विचार आउने गरेका छन् । चुनावमा सत्ता गठबन्धन मिलेर जानुपर्ने बाध्यता काङ्ग्रेस बाहेकका दलहरूलाई छ । काङ्ग्रेसको शिर्ष नेतृत्व पनि गठबन्धन नभइ जितिदैन भन्नेमा छ । काङ्ग्रेसको संस्थापन इतरका नेताहरू गठबन्धनको विरोध गरेजस्तो गर्दछन । चुनावमा एक्लै जान काङ्ग्रेस नेतृत्वले खुड्डा कमाउनु बामपंथी मिल्छन कि भन्ने डर हो । काङ्ग्रेसले एमालेलाई बलियो बन्न नदिन दुवैतिर खेल्न खोजेको छ । एमसीसी अनुमोदन गराउन एमाले र माओवादी, नेकपा एसलाई छुट्टाछुट्टै वार्ता गरेर सफलता पाएको हो । स्थानीय तहको होस या प्रदेश र संघको निर्वाचनमा कम्युनिस्टहरू मिल्न नसक्ने गरि दुवैतर्फ खेल्ने गरेको छर्लंग भएको छ । अरुलाई जुधाएर फाइदा लिने कुशलता काङ्ग्रेसमा छ । नेपाली कांग्रेसले आउँदो वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि अभियान सञ्चालन गर्दैछ ।

'घर-घर जाऔं, कांग्रेस जिताऔं' अभियान अन्तर्गत कांग्रेस ६ हजार ७४३ वडामा पुग्ने तयारीमा रहेको छ । फागुन २० गतेबाट अभियान चलाउने निर्णय कार्यसम्पादन समितिले गरिसकेको हो । अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौता संसदबाट अनुमोदन गराउन पार्टी नेतृत्व व्यस्त भएपछि अभियान सञ्चालन हुन सकेको थिएन ।त्यस्तै १६ जिल्लाको जिल्ला अधिवेशन सम्पन्न गर्न नसक्दा अभियान प्रभावित भएको हो । कांग्रेसले फागुन २९ देखि चैत २५ सम्म अभियान सञ्चालन गर्न लागेको छ ।अभियानमा खटिनेलाई अभिमुखिकरण गर्ने काम भइरहेको छ । एक महिनासम्म चल्ने अभियानले आठवटा उद्देश्य लिएको छ । जसको मुख्य उद्देश्य स्थानीय तह निर्वाचनमा कांग्रेसलाई जिताउन माहोल बनाउने रहेको छ । प्रतिनिधिहरु वडा र टोलटोलमा पुगेर कांग्रेसको पक्षमा कार्यकर्ताहरुमा उत्साह भर्ने काम गर्ने उद्देश्य पार्टीले लिएको छ ।

यस्तै अभियानकै दौरान पार्टीले 'हरेक काँधलाई भारि, हरेक हातलाई जिम्मेवारी' को नीति साथ पार्टीको विधानमा व्यवस्था गरिएका विभिन्न जिम्मेवारी बाँडफाँट गरेर पार्टी पंक्तिलाई स्थानीय निर्वाचनमा वृहत्तर परिचालन गराउने नीति लिएको छ । वडा तहसम्म पुगेर कांग्रेसले तत्कालीन केपी शर्मा ओलीको नेतृत्वमा रहेको नेकपाको सरकारको तीन वर्षे कार्यकालमा भएका जनविरोधि गतिविधि, असंवैधानिक कदम र भ्रष्टाचार प्रकरण जनतासमक्ष चुनावी एजेन्डा बनाएर लैजाने तयारी गरेको छ । यस्तै वर्तमान कांग्रेस नेतृत्वको सरकारले कोभिडको विरुद्ध ७० प्रतिशत नागरिकलाई खोप लगाएको भन्दै चुनावी एजेन्डा बनाइने भएको छ ।

पार्टीले संसदबाट अनुमोदन भएको एमसीसी परियोजनाका विषयमा जनस्तरमा छरिएका भ्रम र पार्टीप्रति उत्पन्न शंका निवारणका लागि बुँदागत रुपमा अभियानबाट भ्रम चिर्ने तयारी पनि गरेको छ । पार्टीले अभियान अन्तर्गत प्रदेश कार्यसमितिलाई केन्द्रको कार्यक्रममा असर नपर्ने गरि आफ्नो प्रदेश भित्र 'घर-घर जाऔं, कांग्रेस जिताऔं अभियान' थप गरेर सञ्चालन गर्ने अधिकार पनि दिएको छ । यस्तै स्थानीय तहमा पार्टीको उमेदवार चयनका लागि पूर्व अध्ययन गरि प्रदेश कार्यसमितिलाई प्रतिवेदन बुझाउन प्रत्येक स्थानीय तहमा अभियानको अन्तिम सातामा प्रदेश प्रतिनिधि खटाउने निर्णय पनि कांग्रेसले गरेको छ । यस्तै प्रदेशले आफ्नो प्रदेशभित्रको समग्र अभियानलाई सम्पूर्ण अनुगमन गर्नुपर्ने जिम्मेवारी पनि दिएको छ ।

यता, जिल्ला कर्यसमितिले अभियान सुरु हुनुभन्दा दुई दिनअघि कार्यसमितिको बैठक बसेर जिल्लाभरका सबै वडामा खटिने प्रतिनिधि तथा प्रतिनिधि टोली तय गर्नेगरि जिल्ला समितिलाई निर्देशन दिएको छ । यस्तै अभियान सञ्चालनका लागि भ्रातृ तथा शुभेच्छुक संस्था पनि खटिनुपर्ने गरि कांग्रेसले कार्यक्रम तय गरेको छ । कांग्रेसले सञ्चालन गर्ने अभियान र त्यससँग सम्बन्धित हरेक गतिविधि सामाजिक संजाल र स्थानीय सञ्चारमाध्यममार्फत् प्रचार गर्ने तयारी गरेको छ र त्यसका लागि छुट्टै प्रचार टिम बनाउने निर्णय पनि गरेको छ । काङ्ग्रेसले गर्ने निर्णय सरोकारवालासँग छलफल नगरीकन गुपचुप तरिकाले चल्ने शैली गलत हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : मानसिक तनाव |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : झमेला बढ्ने | मकर | : व्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आगलागीको क्षतिको विवरण सङ्कलन गर्न समिति गठन

पोखरापत्र संवाददाता

तनहुँ, २४ फागुन

व्यास-४ स्थित मुख्यचोकमा आइतबार भएको आगलागीबाट क्षति भएको विवरण सङ्कलनका लागि व्यास नगरपालिकाले समिति गठन गरेको छ ।

आगलागीबाट हार्डवेयरको गोदाम र व्यक्तिको घरमा भएको क्षतिको विवरण सङ्कलनका लागि नगरपालिकाले तीन सदस्यीय समिति गठन गरेको हो ।

नगरपालिकाका घरनक्शा शाखाका प्रमुख इन्जीनियर अमृत केसीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक कुमार गुरुङ र उद्योग वाणिज्य सङ्घ दमौली बजार एकाइका सचिव माधव न्यौपाने सदस्य रहेको समिति गठन गरिएको छ । गोदाम, व्यक्तिका घरलगायतमा भएको क्षतिको यथार्थ विवरण सङ्कलन गरी यही फागुन २६ गतेभित्र पेश गर्न समयावधि तोकिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो ।

आगलागीबाट भूपाल हार्डवेयर, ज्योति सप्लायर्स, क्या बलराम राना, होमबहादुर गुरुङ, राममाया गुरुङ, लालबहादुर गुरुङ, चन्द्रमाया विक, दीपक श्रेष्ठको घरमा क्षति पुगेको छ । बिहान १० बजेदेखि सुरु भएको आगलागी दिउँसो २ बजे नियन्त्रणमा आएको थियो ।

# लमजुङमा घरेलु हिंसा न्यूनीकरण भएन

पोखरापत्र संवाददाता

लमजुङ, २४ फागुन

लमजुङमा घरेलु हिंसा न्यूनीकरणका लागि स्थानीय सरकारदेखि प्रहरीले विभिन्न माध्यमबाट प्रयास गर्दै आएतापनि यसमा कुनै कमी आउन सकेको देखिँदैन । गरिबी तथा अशिक्षा, चेतनाको कमी र बेरोजगार, मादक पदार्थ सेवन लगायतका कारण जिल्लामा घरेलु हिंसा बढ्दै गएको पाइन्छ ।

चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखि फागुन महिनाको २३ गतेसम्म ३३ वटा घरेलु हिंसाका मुद्दा प्रहरीमा दर्ता भएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जनकराज रेग्मीले बताउनुभयो । उहाँका अनुसार ती उजुरी परेकोमध्ये २६ वटा मिलापत्रमै सीमित भएका छन् । चारवटा अदालती प्रक्रियामा गएको छ भने तीनवटाको काम भइरहेको छ । त्यस्तै, गत आर्थिक वर्ष २०७७/७८ मा ९२ वटा घरेलु हिंसासम्बन्धी उजुरी परेको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ । प्रहरीका अनुसार ६० वटा मुद्दा मिलापत्र भएको थियो भने २३ वटाको अदालती प्रक्रिया र आठवटाको काम भइरहेको छ । आर्थिक वर्ष २०७६/७७ मा कार्यालयमा घरेलु हिंसासम्बन्धी ६१ वटा उजुरी परेका थिए । यसमध्ये ४५ मिलापत्र, ६ अदालती प्रक्रियामा गएको र १० वटाको काम भइरहेको प्रहरीले जनाएको छ । त्यस्तै, आर्थिक वर्ष २०७५/७६ मा घरेलु हिंसासम्बन्धी १२ वटा निवेदन परेको थियो । सो निवेदनमध्ये नौ मिलापत्र भएको र तीनवटाको काम भइरहेको छ । त्यस्तै, आर्थिक वर्ष २०७४/७५ मा ७९ वटा उजुरी परेको थियो । तीमध्ये ४५ वटा मिलापत्र भइसकेको छ । १२ वटा अदालती प्रक्रियामा गएको र २२ वटाको काम भइरहेको बताइएको छ । त्यस्तै, यस चालु आवको साउनदेखि हालसम्म प्रहरी कार्यालयमा १५ वटा ठाडो उजुरी परेको छ । तीमध्ये १३ वटा मिलापत्र भएको, दुईवटाको काम भइरहेको छ । त्यस्तै, गत आर्थिक वर्ष २०७७/७८ मा २९ वटा ठाडो उजुरी प्रहरीमा परेको प्रहरी निरीक्षक रेग्मीको भनाइ छ । उहाँले भन्नुभयो, "ती उजुरीमध्ये २१ वटा उजुरी मिलापत्र गरेको, दुईवटा अदालती प्रक्रियामा गएको र ६ वटाको काम भइरहेको छ ।" आव २०७६/७७ मा कार्यालयमा १८ वटा ठाडो उजुरी परेकामा ११ मिलापत्र भएको, एक अदालती प्रक्रियामा गएको र ६ वटाको काम भइरहेको छ । २०७५/७६ मा सबैभन्दा धेरै १२६ वटा ठाडो उजुरीका निवेदन परेकामा ९१ मिलापत्र, २३ अदालती प्रक्रियामा र १२ वटाको काम भइरहेको प्रहरीले जनाएको छ । जिल्लामा घरेलु हिंसा न्यूनीकरण गर्न विभिन्न सचेतना कार्यक्रम, नाटक, पोष्टर वितरण लगायतका क्रियाकलाप गर्दै आए तापनि घरेलु हिंसामा कमी आउन नसकेको प्रहरी निरीक्षक रेग्मीले बताउनुभयो ।

# अन्तर्राष्ट्रिय महिला दिवसः वक्तृत्वकला प्रतियोगिता

पोखरापत्र संवाददाता

वालिङ, २४ फागुन

स्याङ्जाको वालिङ नगरपालिकाले ११२ औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा अन्तर विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताको आयोजना गरेको छ । 'सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता' भन्ने मूल नाराका साथ आयोजित उक्त वक्तृत्वकला प्रतियोगिता 'नेतृत्वमा महिलाको पहुँच अभिवृद्धि' विषयमा भएको थियो । नगरभित्रका सामुदायिक र संस्थागत गरी सात विद्यालयको सहभागिता रहेको उक्त प्रतियोगितामा प्रथम साइनभिलेज बोर्डिङ स्कुल वालिङकी छात्रा आस्था पराजुली हुनुभएको छ । त्यस्तै द्वितीय सगरमाथा बोर्डिङ स्कुलकी छात्रा स्नेहा पाण्डे र तृतीय राष्ट्रिय माध्यमिक विद्यालयकी छात्रा नम्रता कोइराला हुनुभएको नगरपालिकाको शिक्षा शाखाप्रमुख बाबुराम सापकोटाले बताउनुभयो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका छात्राहरूलाई नगद तथा प्रमाणपत्र वितरण गरिएको थियो । महिलाको नेतृत्व र बौद्धिक क्षमता विकासका लागि यस प्रकारका प्रतियोगितात्मक कार्यक्रमलाई भविष्यमा पनि निरन्तरता दिँदै जानुपर्ने उल्लेख गर्दै उपप्रमुख कल्पना तिवारीले समाजमा चेतनाको सन्देश फैलाउनका लागि विद्यार्थीको भूमिका महत्वपूर्ण हुने भएकाले उनीहरूलाई सहभागी बनाएर अगाडि बढेको बताउनुभयो । "महिला दिवस मनाउने नाममा पुरुषलाई गाली गरेर होइन, उहाँहरूसँग सहकार्य गर्दै अगाडि बढ्नु आवश्यक छ", उहाँले भन्नुभयो, "महिलाको हक अधिकार र अवसरलाई सही सदुपयोग गर्न पनि महिला दिदीबहिनीहरूलाई आग्रह गर्दछु ।"

# फोनिज, गण्डकी प्रदेशको नवनिर्वाचित नेतृत्वलाई मिलन डी.जी.को सम्मान

पोखरापत्र संवाददाता

पोखरा, २४ फागुन

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकी प्रदेशको नवनिर्वाचित नेतृत्वलाई मिलन डी.जी. इन्टरनेशनल प्रा.लि.ले बधाई ज्ञापनसँगै सम्मान गरेको छ ।

सोमबार आयोजित कार्यक्रममा यही फागुन १८ गते सम्पन्न फोनिज, गण्डकी प्रदेशको दोस्रो प्रादेशिक महाधिवेशनबाट नवनिर्वाचित नेतृत्वलाई सम्मान गरिएको हो । नवनिर्वाचित अध्यक्ष रूद्रबहादुर श्रीसमगर, उपाध्यक्ष खिमा गुरुङ, महासचिव धनबहादुर गुरुङ (सुमन), संस्थागत सचिव अर्जुन गाहामगर (सुशान्त) र कोषाध्यक्ष रामकुमारी गुरुङ (रत्ना)लाई सम्मान गरिएको हो । त्यसैगरी, सदस्यहरू मनलाल गुरुङ (मणि), चेतबहादुर थापामगर (प्रवीण), सुरज थापामगरलाई सम्मान गरिएको थियो । महिला उपाध्यक्ष सूर्यकुमारी महतो, संगठन सचिव विजय रानामगरलगायतका अन्य सदस्य भने कास्की बाहिर भएकाले सम्मान कार्यक्रममा सहभागी हुन सकेनन् । मिलन डी.जी. इन्टरनेशनल प्रा.लि.का अध्यक्ष दुर्गा गुरुङ 'मिलन'ले मिलन डी.जी. र फोनिज, गण्डकीबीचमा सधैं आत्मीय सम्बन्ध रहेको भनाइ राख्नुभयो । कार्यक्रममा फोनिज, गण्डकी प्रदेशको नवनिर्वाचित नेतृत्वलाई गण्डकी प्रदेशसभा



सदस्य इन्द्रधारा विष्ट र मिलन डी.जी. इन्टरनेशनल प्रा.लि.की संरक्षक एवं वरिष्ठ समाजसेवी सावित्रीकुमारी गुरुङले सम्मान गर्नुभएको थियो । सो अवसरमा बोल्दै गण्डकी प्रदेशसभा सदस्य विष्टले समाजसेवी दुर्गा गुरुङ 'मिलन'ले विभिन्न संघसंस्थाको स्थापना गरी सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान दिएको बताउनुभयो । समाजसेवी गुरुङजस्ता धेरै व्यक्तित्व समाजमा जन्मिनुपर्ने धारणा राख्दै प्रदेश सांसद् विष्टले अरुले यस्तो गऱ्यो भन्दा पनि आफ्नो अधिकार र पहिचानका लागि आफैं जाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो । आदिवासी जनजाति समुदायको पहिचान र अधिकारको पक्षमा आदिवासी जनजाति पत्रकारले कलम चलाउनुपर्ने बताउँदै उहाँले पत्रकारितामार्फत् सचेतना फैलाउनुपर्ने बताउनुभयो ।

फोनिज, गण्डकी प्रदेशका नवनिर्वाचित अध्यक्ष रूद्रबहादुर श्रीसमगरले समाजसेवाको क्षेत्रमा दुर्गा गुरुङ 'मिलन' एउटा पर्यायवाची नाम बनेको उल्लेख गर्दै शिक्षा, स्वास्थ्य, खेलकुद र चलचित्रका माध्यमबाट उहाँले आफूलाई समाजप्रति समर्पित गर्नुभएको भनाइ राख्नुभयो । आफू हङकङमा रहेर पनि समाजसेवी गुरुङले जन्मभूमिका लागि निरन्तर सहयोग गर्दै आउनुभएको भन्दै अध्यक्ष श्रीसमगरले फोनिज, गण्डकी प्रदेश र समाजसेवी गुरुङका बीचमा सधैं प्रगाढ र आत्मीय सम्बन्ध कायम रहने विश्वास व्यक्त गर्नुभयो । साथै, उहाँले बधाई र सम्मानका लागि मिलन डी.जी. इन्टरनेशनल प्रा.लि. र समाजसेवी गुरुङप्रति धन्यवाद समेत दिनुभयो । मिलन फाउण्डेशन नेपालको कार्यवाहक अध्यक्ष देवीकुमारी गुरुङले फोनिज, गण्डकी प्रदेशको नवनिर्वाचित टिमलाई बधाई दिन पाउँदा ज्यादै खुशी लागेको बताउनुभयो । मिलन डी.जी. इन्टरनेशनल प्रा.लि.की संरक्षक सावित्रीकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन बालकाशी गुरुङले गर्नुभएको थियो ।

# स्थानीय तह निर्वाचन : उम्मेदवार चर्चा

पोखरापत्र संवाददाता

म्याग्दी, २४ फागुन

म्याग्दीका राजनीतिक दलहरूले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको तयारीलाई तीव्र बनाएका छन् ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चालगायतका दल आसन्न निर्वाचन तयारीमा जुटेका हुन् । राजनीतिक वृत्तमा भावी उम्मेदवारको चर्चासमेत सुरु भएको छ । प्रमुख ती दलका युवा नेताले पार्टीले आफूलाई टिकट दिनुपर्ने दाबी गरेका छन् । उनीहरूले जनसम्पर्क विस्तार, सङ्गठन निर्माण गर्नुका साथै आ-आफ्ना कार्ययोजनाका फेहरिस्त जनतालाई सुनाउन थालेका छन् ।

यसरी उम्मेदवारको दाबी गर्नेहरूमा नयाँ अनुहारदेखि पार्टीका पुराना नेता तथा कार्यकर्तासमेत छन् । एक नगरपालिका र पाँच गाउँपालिका गरी छ स्थानीय तह रहेको जिल्लामा बेनी नगरपालिकाको निर्वाचन भने निकै पेचिलो बन्ने देखिएको छ । सो नगरपालिकाको प्रमुखमा कांग्रेस र एमाले नै मुख्य प्रतिस्पर्धी देखिए पनि निर्वाचनका लागि सम्भावित गठबन्धनका लागिसमेत पहल सुरु भएको बताइएको छ । जिल्लाका सम्पूर्ण राजनीतिक दल अहिले सङ्गठन विस्तार तथा सुदृढीकरण अभियानमा गाउँ पसेका छन् । पार्टी प्रवेश गराउने, सदस्यता वितरण गर्ने, सङ्गठन विस्तार गर्ने क्रम तीव्ररूपमा चलेको छ । यसैगरी केही युवाहरूले आफ्नो भाबी कार्ययोजनासहित स्वतन्त्र उम्मेदवारीसमेत घोषणा गरिसकेका छन् । निर्वाचनमा आफूहरूको सहभागितालाई सुनिश्चित गर्न पार्टीका नेता-कार्यकर्ता कसरी परिचालन गर्ने भन्ने विषयका छलफलले तीव्रता पाएका छन् भने अर्कोतिर पार्टीको टिकट पाउने दाउपेचले नेताहरूको घरमा भीड लाग्न सुरु भएको छ । बेनी-३ का दलबहादुर घर्तीले आफ्ना वडाका जनप्रतिनिधिबाट राम्रै काम भएको जनाउँदै अबको निर्वाचनमा पनि उनीहरूलाई नै मौका दिने हो भने गाउँको विकास छिटो हुने प्रतिक्रिया दिनुभयो ।

यसपटक जिल्लेलाई टिकट दिनुपर्ने र व्यक्तिको लोकप्रियताको ख्याल गर्नुपर्ने विचार व्यक्त गर्न थालेका छन् । कतिपय व्यक्तिले त नामै तोकेर अबको निर्वाचनमा उम्मेदवार बन्न नेताहरूलाई आग्रहसमेत गरेका छन् । कार्यकर्ताले सामाजिक सञ्जालबाट दबाबमूलक इच्छा प्रकट गरे पनि पार्टीको निर्णय नसोचेको हुनसक्ने नेताहरू बताउँछन् । स्थानीय तह निर्वाचनमा समेत गठबन्धन कायम रहने हो भने निर्वाचनको माहोल अझ रोचक बन्ने देखिएको छ । जिल्लामा सक्रिय राजनीतिक पार्टी बाहिर-बाहिर आन्तरिक विवाद खासै नदेखिएको भए पनि भित्रभित्र यी पार्टीका नेता कार्यकर्तामा महत्वकाङ्क्षा र गुटगत स्वार्थ भने रहेको राजनीतिक विश्लेषकहरूले बताएका छन् । समग्रमा पार्टीभित्र यसअघि देखिएका आन्तरिक कलह, गुटबन्दी र प्यानलका कारण स्थानीय निर्वाचनमा यसको असर टड्कारोरूपमा देखिन सक्ने नेताको अनुमान छ । यसपटक राजनीतिमा युवाहरूको विशेष आकर्षण देखिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १० अन्तर्गत वडा कार्यालय सँगै रहेको पिपलको चौतारामा ढुंगा टासी माथी छपनी बिछ्याउने कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः वडा कार्यालय नजिक चौतारा निर्माण**

**स्थानः पोखरा-१०**

**योजना सम्झौता मिति : २०७८/०९/०८ गते**

**योजना सम्पन्न मिति : २०७८/१२/३० गते**

**योजनाको कुल लागत : रु.२,१०,७५३।-**

**महानगरपालिकाबाट प्राप्त रकम : रु.२,००,०००।-**

**जन सहभागितावाट : रु.१०,७५३।-**

**योजनामा कुल खर्चः २,१९,२२९/६१**

**बढी खर्चः ८४७६/६१**

**उपभोक्ता समिति अध्यक्षः किरणप्रसाद भट्टचन**

**सचिवः सूर्य बहादुर बानिया कोषाध्यक्षः जीवन श्रेष्ठ**

**अनुगमन समितिः वडा सदस्य एवं संयोजक सम्मर बहादुर श्रेष्ठ**

**नेपाल रेडक्रस सोसाइटी**

**पोखरा-१०, उपशाखा**

